# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## १. मन्त्रालयको संक्षिप्त परिचय नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ बमोजिम

वि.सं. २०५२ फागुण १ गते देखि शुरु भएको सशस्त्र द्वन्द्वको कारण देशले ठूलो आर्थिक, समाजिक तथा मानवीय क्षति व्यहोर्नु पर्‍यो । यसैबीच देशलाई यस्तो अवस्थाबाट मुक्ति दिलाई ऐतिहासिक जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनको पक्षमा प्रकट भएको जनादेशलाई मूर्तरुप दिने उद्देश्यले २०६३ साल मंसीर ५ गते नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भई देशमा एक दशक लामो सशस्त्र युद्धको समाप्ति पश्चात मुलुक शान्ति र सिर्जनाको युगमा प्रवेश गरेको तथ्य सर्व विदितै छ । विस्तृत शान्ति सम्झौताले निर्देश गरे बमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरुलाई न्यून गर्दै द्वन्द्व पीडित तथा द्वन्द्वबाट विस्थापित व्यक्तिहरुलाई राहत तथा पुनःस्थापन, द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण, विद्रोही पक्षको लडाकूको शिविर व्यवस्थापन, शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन, द्वन्द्व पीडितक्षेत्रको सामाजिक-आर्थिक विकास गरी मेलमिलाप एवं सामाजिक एकीकरणको माध्यमबाट द्वन्द्वका घाउ र फाटोलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्ने गहन जिम्मेवारी निर्वाह गर्नका लागि एउटा छुट्टै मन्त्रालयको आवश्यकता महशूस गरी विगतमा सशस्त्र द्वन्द्वको अवस्थामा शान्ति प्रक्रियाका विविध पक्षमा क्रियाशील रहँदै आएको शान्ति सचिवालय विघटन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।१२।१८ को निर्णयानुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो ।

### (क) कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन नियमावली, २०६४ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छ :

- शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति तथा कार्यक्रम,
- विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत तथा प्राविधिक विषय,
- शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन, विश्लेषण तथा अनुभवहरुको आदान-प्रदान,
- द्वन्द्वका कारणबाट पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुनःस्थापन,
- द्वन्द्व-संवेदनशील प्रणाली (कन्फ्लिक्ट सेन्सिटिभिटी एप्रोच) बारे अध्ययन तथा अनुसन्धान,
- शान्ति स्थापना एवं द्वन्द्वको व्यवस्थापन सम्वन्धी सूचना, अध्ययन तथा अनुसन्धान,
- स्थानीय शान्ति समिति,
- शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन,
- शान्ति तथा पुनःस्थापना सम्बन्धी परामर्श समिति,
- सत्य निरुपण मेलमिलाप आयोग,
- शान्ति प्रक्रिया सम्बन्धी उच्चस्तरीय अनुगमन समिति,
- द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसंगको समन्वय,
- शान्ति कोषबाट हुने योजना तथा कार्यक्रमको सञ्चालन तथा अनुगमन,
- विद्रोही पक्षको लडाकूको शिविर व्यवस्थापन,
- शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थाको सम्पर्क विन्दु ।

## २. आर्थिक वर्ष २०६७/६८ मा सम्पन्न भएका मुख्य कार्यहरु

### शान्ति तथा पुनर्निर्माण मन्त्रालय

- उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्ति सम्बन्धी आयोग गठन गर्ने विधेयकको मस्यौदा व्यवस्थापिका संसदको विधायन समितिमा दफावार छलफल प्रारम्भ ।
- द्वन्द्वरत विभिन्न सशस्त्र समुहहरुसँग सम्पर्क गरी वार्तामा ल्याउने प्रयास भै रहेको । किराँत जनवादी वर्कर्स पार्टिले हालै वक्तव्य निकाली सशस्त्र गतिविधि नगर्ने जानकारी जनाएको ।
- संयुक्त राष्ट्र संघीय, सुरक्षा परिषद्को प्रस्ताव नंवर १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना नेपाल सरकारद्वारा स्वीकृत भई कार्यान्वयनको आवश्यक तयारी प्रारम्भ ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवं पुनःएकीकरणका लागि तीन वर्षे राष्ट्रिय कार्ययोजना स्वीकृत भई कार्यान्वयनको आवश्यक तयारी प्रारम्भ ।
- मुक्त हलियाको तथ्याङ्क प्रशोधनको काम सम्पन्न भएको । साथै बादी समुदायका व्यक्तिहरुको पहिचानका लागि परिचयपत्र छपाई गर्ने काम सम्पन्न गरी गृह मन्त्रालय मार्फत् जिल्ला प्रशासन कार्यालयहरुबाट वितरण भइरहेको ।
- पहिलो र दोश्रो चरण गरी यस मन्त्रालयका २१ जना अधिकृतहरुको नेतृत्व बिकास सम्बन्धी १५ दिने वैदेशिक तालिम कार्यक्रम सम्पन्न भएको ।
- संघीय संरचनामा यस मन्त्रालयको स्वरुपका सम्बन्धमा माग भए बमोजिम प्रशासन पुनःसंरचना आयोगमा अध्ययन प्रतिवेदन पठाउने काम सम्पन्न भएको ।
- माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन तथा पुनःस्थापन सम्बन्धी विशेष समिति अन्तर्गतको सचिवालयलाई व्यवस्थापकीय सहयोग उपलब्ध गराउने काम भैरहेको ।
- E-attendance लागु गर्ने प्रकृया सुरु गरिएको ।
- मन्त्रालयबाट सञ्चालित विभिन्न कार्यक्रमहरुको कार्यान्वयन प्रभावकारी वनाउन सहसचिवको संयोजकत्वमा ५ विकास क्षेत्रका लागि टोली गठन गरिएको
- बैदेशिक सहायताकोलागि प्राथमिकता क्षेत्रहरुको पहिचान गोष्ठी सम्पन्न भएको ।
- शान्ति र द्वन्द्वसम्बन्धी विभिन्न छापा माध्यममा प्रकाशित समाचार र विषयवस्तुहरुको संकलन कार्य (Press Clipping) निरन्तर भैरहेको ।
- द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदलबाट यस समीक्षा अवधिमा देहायबमोजिमको थप तथ्याङ्क प्राप्त भएको छ । -
  - आन्तरिक रूपमा विस्थापित - ५२३४ व्यक्ति (१४०७ परिवार)
  - टुहुरा - १२१ जना
  - मृतक - १२५ जना
- ५३ वटा मध्ये गतवर्ष ३३ र चालु वर्षमा ११ समेत ४४ वटा माइन फिल्डमा डिमाइनिङ्ग कार्य सम्पन्न, बाँकी पनि यसै आ.व.मा सम्पन्नहुने ।

### शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय

- यस कार्यालयको लागि अष्टमासिक लक्ष्यमा रु. ४५ करोड १६ लाख १५ हजार बजेट विनियोजन गरिएकोमा रु. ५५ करोड ०७ लाख २६ हजार खर्च भई अष्टमासिक वित्तीय प्रगति १२२ प्रतिशत र भारित प्रगति पनि १२२ प्रतिशत नै रहेको छ ।

- माओवादी सेनाका लडाकुहरुको मासिक भत्ता वापत ५४ करोड ०४ लाख ६० हजार वितरण गरिएको ।

### शान्ति कोष

- यस कार्यक्रमबाट शिविरमा रहेका माओवादी सेनाका लडाकुहरुलाई अष्टमासिक अवधिमा भरणपोषण वापत रु. ३७ करोड १० लाख ४९ हजार ६८२ वितरण भएको छ ।
- शिविरमा स्वास्थ्य व्यवस्थापन सम्वन्धी कार्यक्रम स्वास्थ्य मन्त्रालयबाट भइरहेको ।
- वारुदी सुरुङ्ग व्यवस्थापन सम्वन्धी कार्यहरु सञ्चालन भइरहेको ।
- पहुँच मार्गहरुको कार्य सडक विभागबाट भइरहेको ।

- प्रहरी चौकीहरुको पुनर्निर्माण कार्य प्रहरी प्रधान कार्यालयबाट भइरहेको ।
- शान्तिकोष सञ्चालन तथा संस्थागत सुदृढीकरण कार्य भइरहेको ।
- शान्ति कोषबाट यस अवधिमा ११ वटा कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

## पुनस्थापन कार्यक्रम

यस कार्यक्रमको लागि अष्टमासिक लक्ष्यमा रु. १७ करोड, २८ लाख ३८ हजार बजेट विनियोजन गरिएकोमा रु. ६ करोड, ६३ लाख १५ हजार निकासा खर्च भई अष्टमासिक वित्तीय प्रगति ३८.३७ प्रतिशत र भारित प्रगति ४१ प्रतिशत भएको छ । यस कार्यक्रम अन्तर्गत २२५ जनालाई व्यक्तिगत सम्पत्ति क्षति वापत आर्थिक सहायता, ४९६ जना अपहरणमा परेका व्यक्तिलाई आर्थिक सहायता, १०५ जना बेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता, ३३६ जना द्वन्द्वको क्रममा अपाङ्ग भएका व्यक्तिलाई आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलनका शहीदका २६ परिवारलाई र २३ जना घाइतेहरुलाई जीवन निर्वाह भत्ता, आन्दोलनका क्रममा २६ जना घाइतेका सन्ततिलाई छात्रबृत्ति तथा विस्तृत शान्ति सम्झौता पश्चात्का घटनामा मृत्यु भएका १५ व्यक्तिका हकदारलाई आर्थिक सहायता उपलब्ध गराइएको ।

## पुनर्निर्माण कार्यक्रम

- यस कार्यक्रमको अष्टमासिक लक्ष्यमा रू. १ अर्व ४० करोड ९४ लाख ९८ हजार बजेट विनियोजन गरिएकोमा रू. ५२ करोड १० लाख २४ हजार खर्च भई वित्तिय प्रगति ३७ प्रतिशत र भारित प्रगति ६२ प्रतिशत भएको छ ।
- यस कार्यक्रम अन्तर्गत अधुरो ५२, क्रमागत ७०३ र नयाँ २२६ गरि जम्मा ९८१ आयोजनाहरू संचालन भएकामा ११९ वटा आयोजना सम्पन्न भएका छन् ।

## शान्ति प्रक्रिया सहयोग आयोजना

- यस आयोजनाको लागि अष्टमासिक लक्ष्यमा रु. १९ करोड ५८ लाख ९० हजार बजेट विनियोजन गरिएकोमा रू. ४ करोड २३ लाख ४७ हजार खर्च भई अष्टमासिक वित्तीय प्रगति २२ प्रतिशत र भारित प्रगति २२ प्रतिशत रहेको छ ।
- द्वन्द्वका क्रममा मृत्यु भएका मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्न १९४२ जनाको लागि अख्तियारी पठाएकोमा निकासा फुकुवा माग भै आएवमोजिम ७१ जनाको निकासा फुकुवा पठाएको ।
- शान्ति संयन्त्रमा कार्यरत जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालय र जि.वि.समितिको कार्यालयका कर्मचारी सम्मिलित मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा २ वटा अभिमूखिकरण तालिम सम्पन्न भएको ।
- मुख्यतया द्वन्द्व प्रभावितहरुको तथ्याङ्कलाई सर्बसुलभ बनाउन र मन्त्रालयको दैनिक कामकाजलाई पेपरलेस बनाउन ब्यबस्थापन सूचना प्रणाली (MIS) कार्यक्रम प्रारम्भ भै रहेको ।
- द्वण्द्वमा मृत्यू भएका सर्बसाधारणका विधवा पत्नीहरु जम्मा ११४९ जनालाई जीवन निर्वाहका लागि आर्थिक सहायता प्रदान गर्न जिल्ला बिकास समिति मार्फत निकासा पठाएको ।
- द्वन्द्वमा मृत्यू भएका ब्यक्तिका परिवारले पाउने रु. १ लाख आर्थिक सहायता बितरण प्रक्रियाको निरीक्षणका लागि बिश्व बैंक र आयोजनाको संयुक्त अनुगमन टोली बनाई ५ वटा जिल्लाको अनुगमन गर्ने कार्य सम्पन्न गरिएको ।
- द्वन्द्व पीडितहरुका लागि रोजगार, स्वरोजगार सेवा सञ्चालन गर्ने सम्वन्धमा निर्देशिका तयार भई तालिम सञ्चालन गर्ने जिल्ला समेत छनौट भैसकेको ।

## स्थानीय शान्ति समिति

- यस कार्यक्रमको लागि अष्टमासिक लक्ष्यमा रु. १२ करोड, १३ लाख २६ हजार विनियोजन गरिएकोमा रु. ७ करोड ६९ लाख १० हजार खर्च भई ६३.३९ प्रतिशत वित्तिय प्रगति र भारित प्रगति ६३ प्रतिशत हुन गएको छ ।
- काभ्रेपलाञ्चोक, नुवाकोट, सिन्धुपाल्चोक, सिन्धुली र कास्की गरी थप पाँचवटा जिल्लामा स्थानीय शान्ति समितिको गठन गरी कुल जिल्लास्तरका शान्ति समितिको संख्या ७२, १९ वटा न.पा. र ९५० भन्दा वढी गा.बि.स. स्तरीय शान्ति समिति गठन भैसकेको ।

- यस मन्त्रालयका उपसचिव एवं अधिकृतहरु तथा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका स्थानीय शान्ति समितिका ३।३ जना पदधिकारीहरु समेत गरी कुल २४ (चौबिस) जनालाई "CONFLICT RESOLUTION AND MEDIATION" बिषयको ७ दिने ToT तालिम दिने काम सम्पन्न भएको ।
- सेप्टेम्बर २१, २०१० का दिन केन्द्रमा र ७५ वटै जिल्लामा शान्ति दिवस मनाउने काम सम्पन्न भएको ।
- इलाम, झापा, धनकुटा, मोरङ्ग, सुनसरी, महोत्तरी, मकवानपुर, रसुवा, धादिङ्ग, नुवाकोट, पाल्पा, गुल्मी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, प्यूठान र कञ्चनपुर जिल्लाका स्थानीय शान्ति समितिहरुमा अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय शान्ति समिति सम्वन्धि हाते पुस्तिका (Tool Kits) को सार्वजनिकिकरणको लागि ५ विकास क्षेत्रमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भएको ।
- रु. ७ लाखको दरले ५० जिल्लाको स्थानीय शान्ति समितिहरुको कार्यक्रम स्वीकृत गरी कार्यक्रम तथा बजेट पठाइएको ।

## ३. आर्थिक वर्ष २०६७/६८ मा विनियोजित बजेट र फाल्गुण सम्मको खर्चको अवस्था

रकम रु. हजारमा

| क्र. सं. | बजेट उपशीर्षक नं. | आयोजना तथा कार्यक्रम | बार्षिक बजेट विनियोजन | अष्टमासिक | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | खर्च | वित्तीय प्रगति प्रतिशत | भारित प्रगति प्रतिशत |
| १ | ६२-३/४-११० | मन्त्रालयतर्फको | ७४७४० | ४२४७७ | ३५१९६ | ८२.८६ | ८३ |
| २ | ६२-३/४-१३० | शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय | १२०७६२७ | ४५१६१५ | ५५०७२६ | १२२ | १२२ |
| ३ | ६२-३/४-२०५ | शान्ति कोष | ३६५५२०० | | | | |
| ४ | **पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम (६२-३/४-२१०)** | | | | | | |
| | ६२-३-२१० | क) पुनस्थापन कार्यक्रम | २७९९२९ | १७२८३८ | ६६३१५ | ३८.३७ | ४१ |
| | ६२-३/४-२१० | ख) पुनर्निर्माण कार्यक्रम | २६५४८८७ | १४०९४९८ | ५२१०२४ | ३७ | ६२ |
| ५ | ६२-३/४-२१२ | शान्ति प्रक्रिया सहयोग आयोजना | ५५११८० | १९५८९० | ४२३४७ | २२ | २२ |
| ६ | ६२-३-८०० | स्थानीय शान्ति समिति | २०४०९२ | १२१३२६ | ७६९१० | ६३ | ६३ |
| | | **जम्मा** | **८६२७६५५** | **२३९३६४४** | **१२९२५१८** | **५४** | |

## ४. आर्थिक वर्ष २०६६/६७ मा विनियोजित बजेट र खर्चको अवस्था

रकम रु. हजारमा

| क.सं. | बजेट उपशीर्षक नं. | आयोजना तथा कार्यक्रम | बार्षिक | | |
|---|---|---|---|---|---|
| | | | विनियोजित बजेट | यथार्थ खर्च | वित्तीय प्रगति प्रतिशत |
| १ | ६२-३/४-११० | मन्त्रालयतर्फको | ७२६५१.४३ | ६७८८६ | ९३.४४ |
| २ | ६२-३/४-१३० | शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय | १४७०० | १२४७३.३० | ८४.८५ |
| ३ | ६२-४-२०५ | शान्ति कोष | ४५२४९८० | २४६००९२.७१ | ५४.३७ |
| ४ | ६२-३/४-२१० | पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम | | | |
| ५ | ६२-४-२१० | क) पुनस्थापन कार्यक्रम | १२८४७० | १२७१९०.२२ | ९९.०० |
| ६ | ६२-३/४-२१० | ख) पुनर्निर्माण कार्यक्रम | २२१९९५७.९० | १६५४८५५ | ७४.५४ |
| ७ | ६२-३/४-२११ | द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना | ११०८० | ६६७७ | ६०.२६ |
| ८ | ६२-३/४-२१२ | शान्ति प्रक्रिया सहयोग आयोजना | १९५५१९३ | १४७६५७० | ७५.५२ |
| ९ | ६२-४-८०० | स्थानीय शान्ति समिति | १४१९५३ | ९९६८६ | ७०.२२ |
| | | **जम्मा** | **९०६८९८५.३३** | **५९०५४३०.२३** | **६५.१२** |

## ५. लक्षित उपलब्धी हासिल नहुन सकेका कारण

### (क) कार्यान्वयनमा देखिएका समस्याहरु

- यस मन्त्रालयले अधिकांश कार्यक्रमहरु अन्य मन्त्रालय अन्तर्गतका निकायहरुबाट सञ्चालन गर्नुपर्ने भएकोले समयमै कार्यान्वयन गर्न र विवरणहरु प्राप्त हुन कठिनाई परिरहेको ।
- यस मन्त्रालयको संगठन संरचना क्षेत्रीय/जिल्लास्तरमा नहुँदा मन्त्रालयद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरूको सञ्चालनमा कठिनाई परेको ।
- पुनर्निर्माण कार्य सम्पन्न गर्न पर्याप्त वजेट विनियोजन नभएको ।
- राहत तथा पुनर्स्थापनको लागि विनियोजित बजेट न्यून हुने गरेको ।

### (ख) समस्या समाधानका लागि अपनाइएका उपायहरु

- स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार), शहरी विकास तथा भवन निर्माण विभागका अतिरिक्त मन्त्रालय अन्तर्गतको छुट्टै परियोजनाबाट समेत पुनर्निर्माणका कार्यहरु एकै साथ भैरहेको ।
- स्थानीय शान्ति समितिलाई मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गराइदै आएको ।
- पुनर्निर्माण कार्यलाई तीब्र पार्न परियोजना मार्फत फिल्डमा रहने गरी इन्जिनियर र सबइन्जिनियरको व्यवस्था गरिएको ।

- भवन निर्माण तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) बाट सञ्चालन भएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त अनुगमन प्रणाली अपनाइएको ।

## (ग) सकारात्मक पक्षहरु

- सेवा प्रवाहलाई प्रभावकारी वनाउन शासकीय सुधार इकाई गठन गरी कार्यान्वयनमा ल्याइएको ।
- शान्ति प्रक्रिया सकारात्मक दिशातर्फ उन्मुख रहेको ।
- पुनर्निर्माणको कार्यलाई तीब्रता दिइएको ।
- राहत वितरण कार्यको कार्यान्वयनमा प्रभावकारिता ल्याइएको ।
- योजना तथा कार्यक्रमहरूको अनुगमनमा जोड दिइएको ।
- मन्त्रालयका कर्मचारीहरुको क्षमता विकासमा जोड दिइएको ।

## ६. आ.व. २०६७/६८ को बजेट वक्तव्यमा उल्लिखित बुँदागत प्रगति विवरण (२०६७ फाल्गुण मसान्त सम्म

रु. हजारमा

| बुँदा नं. | कार्यक्रम/ कियाकलाप | इकाइ | वार्षिक लक्ष्य | | अष्टमासिक लक्ष | | | अष्टमासिक प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित |
| ४५ | **द्वन्द्व प्रभावित व्यक्ति वा समुहका लागि राहत** | | | | | | | | |
| | क) व्यक्तिगत सम्पति क्षतिको आर्थिक सहायता (गत आ.व.मा निर्णय भएको ११३ जनाको भुक्तानी गर्न बाँकी समेत) | जना | १३५० | ७१८८९ | ७०० | १३.६० | ३८०६८ | २२५ | ४.३७ |
| | ख) अपहरणमा परेका व्यक्तिलाई आर्थिक सहायता | जना | ९९८ | २४९५० | ४०० | ३.५७ | १0000 | ४९६ | ४.४३ |
| | ग) वेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता | जना | १०५ | १०५०० | १०५ | ३.७५ | १०५०० | १०५ | ३.७५ |
| | घ) द्वन्द्वको क्रममा अपांग भएकालाई आर्थिक सहायता | जना | २५०० | १४१०१० | १००० | ३२.५१ | ९१०१० | ३३६ | १०.९२ |
| | ङ) विस्तृत शान्ति सम्झौता पश्चातका घटनामा मृत्यु भएका व्यक्तिका हकदारलाई आर्थिक सहायता | जना | २५ | ३७५० | १० | ०.५४ | १५०० | १५ | ०.८० |
| | च) द्वन्द्वको क्रममा बाबु आमा गुमाएका टुहुरा वालवालिकाको पुनर्स्थापन कार्यक्रम | जना | ११८ | १0000 | ५९ | १.७९ | ५००० | | ०.०० |
| | छ) ऐतिहासिक जनआन्दोलनका शहिद परिवारलाई जीवन निर्वाह भत्ता | जना | २६ | १९८० | २६ | ०.७१ | १९८० | २६ | ०.७१ |
| | ज) ऐतिहासिक जनआन्दोलनका घाइतेलाई जीवन निर्वाह भत्ता | जना | २६ | ९९९ | २६ | ०.३६ | ९९९ | २३ | ०.३२ |
| | झ) ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति | जना | २६ | ५७० | २६ | ०.२० | ५७० | २६ | ०.२० |
| | ञ) ऐतिहासिक जनआन्दोलनका घाइते लाई वर्गिकरण अनुसार आर्थिक सहायता (मं.प. बाट स्विकृतिको लागि अर्थमा सहमतिको लागि माग भएको) | जना | ११५३ | १२१५० | ११५३ | ४.३४ | १२१५० | | ०.०० |

**बुँदा नं. ४६** माओवादी सेनाका लडाकुहरुको समायोजन र पुनर्स्थापना नहुन्जेलसम्मका लागि निजहरुलाई उपलब्ध गराई आएको मासिक भत्ता, भरण, पोषण र अस्थायी शिविरहरुको व्यवस्थापनको लागि रु. १ अर्ब ८८ करोड बजेट विनियोजन गरेको ।

**क) मासिक भत्ता :** रु. ५४ करोड ०४ लाख ६० हजार वितरण गरिएको ।

**ख) भरण पोषण :** २०६७ फाल्गुण सम्ममा रु. ३७ करोड १० लाख ४९ हजार ६८२ वितरण भएको ।

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिहदरबार, काठमाण्डौ

नेपाल ।

(अनुगमन तथा मूल्याङन शाखा)

पं. सं. ०६७६७८अनुगमन शाखा । च.नं. :१३९

विषय :– प्रगति विवरण र आर्थिक सर्बेक्षणमा राख्नुपर्ने डाटा उपलब्ध गराएको ।

श्री अर्थ मन्त्रालय,
प्रशासन शाखा
सिंहदरवार, काठमाण्डौ
विशेष :– ध्यानाकर्षण उप सचिव श्री विश्वप्रकाश सुवेदी

उपरोक्त विषयमा तहाँको चं. १७२३ मिति २०६७/१२/१ को पत्र अनुसार माग भई आएको विगत ३ वषर्कको तुलानात्मक खर्च र यस आ. ब. को अष्टमासिक प्रगति एवं आर्थिक सर्वेक्षणमा राख्नु पर्ने विषयहरु समेतको प्रगति विवरण पाना सात यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

............................
(प्रेमप्रसाद संजेल)
उपसचिव

बोधार्थ तथा कार्यार्थ (ई मेलबाट मात्र)
श्री सबै महाशाखाहरु : ई मेलबाट रेकर्ड प्राप्त हुन अनुरोध छ ।
ई. श्री मुकेश रेग्मी : वेभसाईटमा राखी जानकारी दिने प्रयोजनार्थ ।